**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

पश्चिम बंगालमा आयुष्मान भारत योजना यसै वर्ष जुलाई देखि शुरू हुनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीली केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डासित एक वर्चुअल बैठक पछि हिज कोलकातामा यो घोषणा गर्नुभयो।

कोलकाताको प्रसिद्ध सॉल्ट लेक स्टेडियम बाहिर निर्माण गरिएको एक विवादित मूर्तिलाई तोडिएको छ।

सीमा सुरक्षालाई लिएर भारत र बंगलादेशबीच फेरि एकपटक तनाव उत्पन्न भएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको अपील पछि पश्चिम बंगाल शिक्षा विभागका अधिकारीहरूलाई घरबाटै काम गर्ने आदेश दिईएको छ।

मौसम विभागले असम, मेघालय, पश्चिम बंगालको निम्न हिमालय क्षेत्र अनि सिक्किमको केहि भागहरुमा भारी वर्षा हुने अनुमान ब्येक्त गरेको छ।

**मुख्यमंत्री शुभेन्दु**

पश्चिम बंगालमा आयुष्मान भारत योजना यसै वर्ष जुलाई देखि शुरू हुनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीली केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डासित एक वर्चुअल बैठक पछि हिज कोलकातामा यो घोषणा गर्नुभयो। राज्यको स्वास्थ्य योजना **'स्वास्थ्य साथी'** अंतर्गत बर्तमानमा रहेका लाभार्थिहरुलाई आयुष्मान भारत योजनामा सामेल गरिनेछ। कालेबुंग अनि अलिपुरद्वारमा चाडै मेडिकल कालेजको निर्माणका लागि आरम्भिक प्रक्रिया शुरु हुनेछ। राज्यमा स्वास्थ्य क्षेत्रमा धैरै विकास गरिने तथा केन्द्र सरकारको स्वास्थ्य सुविधाहरु जस्तै स्वाथ्य मन्दिर, टीबी उन्मुलन बालबालिकाहरुका लागि सर्भाइकल क्यान्सर टिकाकरण, कुष्ट रोग उन्मुलन सहित अन्य धेरै योजना हरु सुचारु हुनेछ। यो जानकारी मुख्यमन्त्रि शुवेन्धु अधिकारीले दिनु भएको हो। उहाँले भन्नुभएको छ राष्ट्रिय स्वास्थ्य मिशन अन्तर्गत केन्द्र सरकारले २१०३ करोड रुपिया स्वीकृत गरेको छ र यसमा ५०० करोड रुपिया स्वीकृति दिईएको छ साथै यसमा ५०० करोड रुपियाँ केन्द्र सरकारले प्रदान गरि सकेको छ। उहाँले हालै दिल्लीमा केन्द्रिय स्वास्थ्य मंत्री जे.पी नड्डा सित कुराकानी गरी यो रकम स्वीकृत गरिएको बताउनु भयो। आयुष्मान भारत योजना अन्तर्गत ६७६ करोड़ रूपिया स्वीकृत गरिएको जानकारी पनि मुख्यमंत्रीले दिनुभयो। उहाँले स्वास्थ्य क्षेत्रमा एउटा युगान्तकारी परिवर्तन हुने बताउनु भयो। उहाँले उत्तर दिनाजपुर तथा आसनसोलमा पनि मेडिकल कलेजका लागि जमीन संबन्धित प्रक्रिया शुरू गरिने बताउनु भयो। उत्तर बंगालका सांसद तथा विधायकहरूसित परामर्श गरी एम्स कहाँ निमार्ण गरिने त्यसलाई तय गरिने उहाँले बताउनु भएको छ।

**विवादित मूर्ति**

कोलकाताको प्रसिद्ध सॉल्ट लेक स्टेडियम बाहिर निर्माण गरिएको एक विवादित मूर्तिलाई तोडिएको छ। त्येस मूर्तिमा शरीर काटिएको दुईवटा खुट्टाहरु मात्र रहेको थियो अनि त्येस माथि एउटा फुटबॉल बनाईएको थियो। यसै महिनाको आरम्भमा पश्चिम बंगालका खेल मंत्री निशीथ प्रमाणिकले यसलाई हटाउने घोषणा गर्नुभएको थियो। 17 मईमा मोहन बागान सुपर जायंट अनि ईस्ट बंगाल FC बीच इंडियन सुपर लीग कोलकाता डर्बी पछि प्रमाणिकले " यस्तो कुरूप देखिने मूर्तिको कुनै महत्व नरहेको बताउनुभएको थियो। भाजपा नेताहरुले यसको सराहना गरेका छन्। उनीहरुले यसलाई कोलकाताको सबैभन्दा कुरूप सार्वजनिक कलाकृतिहरु मद्धे एक रहेको अनि यसमा कहिँ पनि वास्तविक रुपमा बंगालीपन नरहेको बताएका थिए।

**भारत -बंगलादेश विवाद**

सीमा सुरक्षालाई लिएर भारत र बंगलादेशबीच फेरि एकपटक तनाव उत्पन्न भएको छ। पश्चिम बंगालको कुचबिहारमा बीएसएफले बंगलादेशसँगको सीमामा बार लगाइरहेको छ। यसैले बंगलादेश चिन्तित छ। बंगलादेशले बंगलादेशको लाल मणिरहाट क्षेत्रमा रहेको अन्तर्राष्ट्रिय सीमा स्तम्भ नम्बर ८०६ नजिकै बार र स्तम्भ खडा गर्ने प्रयास गरेको आरोप लागेपछि विवाद उत्पन्न भयो। बंगलादेश सीमा गार्ड (बीजीबी) ले तुरुन्तै यस विकासको विरोध गऱ्यो र दुई देशबीचको सीमामा केही समय तनावपूर्ण वातावरण सिर्जना भयो। यो घटना बिहीबार भएको बताइएको छ, तर यसको बारेमा जानकारी शुक्रबार बाहिर आयो। बीजीबी अधिकारीहरूका अनुसार, उनीहरूले बीएसएफ कर्मचारीहरूले अन्तर्राष्ट्रिय सीमाको धेरै नजिक नयाँ स्तम्भ स्थापना गर्ने तयारी गरिरहेको जानकारी पाए। जानकारी पाएपछि, बीजीबी टोली घटनास्थलमा पुगेर काम रोक्यो। बंगलादेशी अधिकारीहरूको दाबी छ कि अन्तर्राष्ट्रिय सीमा नियमहरू अन्तर्गत, सीमाको १५० यार्ड भित्र कुनै पनि प्रकारको स्थायी निर्माण वा संरचना निर्माण गर्न सकिँदैन। दुवै देशका अधिकारीहरू बीचको बैठक: यस घटनापछि, दुवै देशका सीमा अधिकारीहरू बीच सेक्टर कमाण्डर स्तरको बैठक भएको थियो। बंगलादेशले बैठकमा औपचारिक विरोध दर्ता गरे। यद्यपि यस विषयमा भारतले अहिलेसम्म कुनै आधिकारिक वक्तव्य जारी गरेको छैन, तर यो सीमा तनावले दुई देशबीचको सम्बन्धको बारेमा नयाँ छलफल सुरु गरेको छ। हाल स्थिति नियन्त्रणमा रहेको बताइएको छ, तर पिलर नम्बर ८०६ मा भएको घटनाले भारत-बंगलादेश सीमा सम्बन्धमा नयाँ बहस सुरु गरेको छ।

## प्रधानमन्त्रीको अपील - शिक्षा विभाग

प्रधानमन्त्री नरेन्द्र मोदीको अपील पछि पश्चिम बंगाल शिक्षा विभागका अधिकारीहरूलाई घरबाटै काम गर्ने आदेश दिईएको छ।शिक्षा विभागले एक विज्ञप्ति जारी गर्दै अर्को सूचना नभएसम्म सबै बैठकहरू भिडियो कन्फरेन्स मार्फत मात्र सञ्चालन हुने बताएको छ। पश्चिम एसियामा युद्ध जस्तो परिस्थितिको बीचमा, प्रधानमन्त्री नरेन्द्र मोदीले खर्चमा संयम र नियन्त्रण गर्न आग्रह गर्नुभएको थियो । अब, प्रधानमन्त्रीको सन्देश अनुसार काम गर्दै, पश्चिम बंगालको भाजपा सरकारले विभिन्न राज्य विभागहरूलाई खर्च कटौती गर्न सल्लाह दिएको छ।

## हसीमारा विमानस्थल विस्तार

पश्चिम बंगालका मुख्यमन्त्री श्री शुभेन्दु अधिकारीले नागरिक उडानहरूको लागि हसीमारा विमानस्थल विस्तार गर्न हरियो संकेत दिनुभएको छ। लामो समयदेखि प्रतिक्षित यस निर्णयले सम्पूर्ण डुवर्स क्षेत्रमा कनेक्टिभिटी परिवर्तन गर्नेछ। अलीपुरद्वार र भुटान सीमाबाट मात्र ४० किलोमिटर टाढा रहेको डुवर्सको मुटुमा अवस्थित हासिमारामा अब उचित नागरिक हवाई सेवा र नयाँ यात्री टर्मिनल हुनेछ। मुख्य मन्त्रीले "हामी डबल इन्जिनको उच्च गतिमा दौडनेछौं," भन्दै सरकारले आगामी विधानसभा सत्रमा भर्ती नीति सम्बन्धी आवश्यक नयाँ कानून ल्याउने बताउनुभयो। भर्ती प्रक्रियामा पारदर्शिता ल्याउन राज्य सरकारले चाँडै पश्चिम बंगाल विधान सभामा नयाँ कानून ल्याउने तयारी गरिरहेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिज सियालदहमा आयोजित रोजगार मेलालाई सम्बोधन गर्दै यस बारे घोषणा गर्नुभयो । सरकारले आगामी विधानसभा सत्रमा भर्ती नीति सम्बन्धी आवश्यक नयाँ कानून ल्याउने उहाले जानकारी दिनुभयो ।

## आकाशवाणी खरसांग मैराथन

आकाशवाणी खरसांगले आज बिहान एउटा मैराथनको अयोजना गरयो। भारत सरकारको लोक सेवा प्रसारण आकाशवाणीले देश सेवामा ९० वर्ष पूरा गरेको अवसरमा यो मैराथन अयोजित गरेको हो। मैराथन खरसांगको जिरो माईलदेखि शुरू भएर खरसांग बजारको परिक्रमा गर्दै आकाशवाणी खरसांग रेडियो स्टेशमा सम्पन्न भयो। मैराथनलाई खरसांगका विधायक सोनाम लामाले हरियो झण्डा देखाई रवाना गर्नु भयो। उहाँ स्वयं पनि मैराथन दौड़मा भाग लिनुभयो। विशेष अतिथिको रूपमा बडिबिल्डर संजय छेत्रीको उपस्थिति थियो। मैराथनमा २१ पुरूष तथा २८ महिला धावकहरूले भाग लिए। पुरूष वर्गमा प्रथम स्थान प्रयास प्रधान, दोस्रो स्थान नर्बु छिरिंग शेर्पा अनि तेस्रो स्थान प्रशान्त छेत्रीले ओगटे । यसरी नै महिला वर्गमा सबिना गिरी प्रथम रेबिना सुब्बा द्वितीय अनि प्रज्ञा शंकर तेस्रो स्थान ओगटे विजेताहरूलाई स्थानीय विधायक सोनाम लामाले ट्रफी , मेडल र प्रमाण पत्र प्रदान गर्नुभयो। कार्यक्रम निष्पादक राजीव सुब्बा र विशेष अतिथि संजय छेत्रीले सबै प्रतिभागीहरूलाइ पदक र प्रमाण पत्र प्रदान गरे।

**जी-राम जी प्रारूप**

सरकारले **विकसित भारत-जी राम जी** अधिनियम, 2025 अन्तर्गत व्यापक जन परामर्शको लागि मसौदा नियम प्रकाशित गरेको छ। ग्रामीण विकास मंत्रालयले भनेको छ कोहि पनि व्यक्ति, हितधारक, संगठन वा संस्थाले 21 जुलाई सम्म मसौदा नियमहरुमाथि आपत्ति वा सुझाव प्रस्तुत गर्न सक्नेछन्।

**सर्भाइकल क्यान्सर - भ्याक्सिनेशन**

आगामी 30 मई देखि राज्यमा 14 देखि 15 वर्षसम्मका किशोरीहरूका लागि सर्भाइकल क्यान्सरको प्रिभेन्टिभ भ्याक्सिनेशन कार्यक्रम शुरू गरिने भएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिज नवान्नमा पत्रकार सम्मेलन गर्दै विधाननगर सब डिभिजन अस्पतालबाट यस अभियानको थालनी गरिइने जानकारी दिनुभयो।

**मौसम**

मौसम विभागले दिल्ली, हरियाणा, चंडीगढ़, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश अनि विदर्भको केहि क्षेत्रहरुमा आज लू चल्ने अनुमान व्यक्त गरेको छ।

****** ० ******